# प्रिमियर इन्स्योरेन्स कं. (नेपाल) लि.

**केन्द्रीय कार्यालयः** नारायणचौर, नक्साल, पोष्ट बक्सः ९१८३, काठमाडौं, नेपाल

फोनः ४४१३५४३, ४४१०६४८, फ्याक्सः ९७७-१-४४१३४४२

E-mail: premier@picl.com.np, Web: www.premier-insurance.com.np


# अग्नि बीमाको प्रस्ताव फाराम

प्रश्नहरूको उत्तर दिनु पूर्व निम्नलिखित महत्त्वपूर्ण परिभाषाहरू, महत्त्वपूर्ण सूचना तथा प्रश्नहरू राम्ररी पढी उत्तर दिनुहोस् ।

## महत्त्वपूर्ण परिभाषाहरू

अग्नि बीमालेखमा जहाँसुकै प्रयोग भएको भए तापनि देहायका वाक्यांशहरूको परिभाषा देहाय बमोजिम हुनेछ:

१. **आगलागी वा अग्निबाट भएको क्षति/हानि-नोक्सानीः** "आगलागी वा अग्निबाट भएको क्षति/हानि-नोक्सानी" भन्नाले दुर्घटनावश ज्वाला प्रस्फुटित भई उत्पन्न भएको आगलागी वा अग्निबाट भएको क्षति/हानि-नोक्सानी सम्झनु पर्दछ तर कुनै प्रयोजनको लागि बालिएको र आफ्नै सीमाभित्र रहेको आगोलाई यस बीमालेखको प्रयोजनको लागि आगलागी वा अग्नि मानिने छैन ।

२. **चट्याङ्गबाट भएको क्षति/हानि-नोक्सानीः** "चट्याङ्गबाट भएको क्षति/हानि-नोक्सानी" भन्नाले चट्याङ्ग परेर वा बिजुली चम्किएर भएको आगलागी वा बाहिरबाट स्पष्ट देखिने भौतिक क्षति/हानि-नोक्सानी सम्झनु पर्दछ । तर चट्याङ्ग परेको वा बिजुली चम्किएको कारणले उत्पन्न भएको उच्च भोल्टेजबाट विद्युतीय उपकरण वा इलेक्ट्रोनिक उपकरणमा पुगेको आन्तरिक क्षति/हानि-नोक्सानी मात्रलाई चट्याङ्गबाट भएको क्षति/हानि-नोक्सानी मानिने छैन । तथापि उक्त उपकरणबाट भएको क्षति/हानि-नोक्सानीको भने क्षतिपूर्ति प्रदान गरिने छ ।

३. **घरेलु उपकरणको विस्फोटनबाट भएको क्षति/हानि-नोक्सानीः** "घरेलु उपकरणको विस्फोटनबाट भएको क्षति/हानि-नोक्सानी" भन्नाले व्यापारिक तथा औद्योगिक प्रयोजनको लागि नभई घरायसी उपयोगको लागि राखिएको, भण्डारण गरिएको वा जडान गरिएको घरेलु उपकरणको आन्तरिक वा वाह्य विस्फोटनको कारणबाट भएको आगलागी वा अन्य कुनै भौतिक क्षति/हानि-नोक्सानी सम्झनु पर्दछ ।

४. **भूकम्पबाट भएको क्षति/हानि-नोक्सानीः** "भूकम्पबाट भएको क्षति/हानि-नोक्सानी" भन्नाले भूकम्पको कारणबाट हुने आगलागी र अन्य भौतिक क्षति/हानि-नोक्सानी सम्झनु पर्दछ र सो शब्दले भूकम्पको कारणबाट आएको बाढी वा नदी तथा ताल वा पानी जम्मा गरेको पोखरीको पानी उर्लिएर, बाँध फुटेर वा भत्किएर पानी उर्लिई भएको क्षति समेतलाई जनाउनेछ ।

५. **हुरी बतास तथा आँधीबेहरीबाट भएको क्षति/हानि-नोक्सानीः** "हुरी बतास तथा आँधी बेहरीबाट भएको क्षति/हानि-नोक्सानी" भन्नाले सबै प्रकारको, हुरी बतास तथा आँधी बेहरी (असिना समेत) ले पुऱ्याएको भौतिक क्षति/हानि-नोक्सानी सम्झनु पर्दछ ।

६. **सम्पुष्टिः** "सम्पुष्टि" भन्नाले बीमालेखको प्रावधानलाई संशोधन गर्न, हटाउन वा थपघट गर्नका लागि बीमालेखको अङ्गको रूपमा रहने गरी बीमालेखको तालिकामा जनाई बीमकको तर्फबाट सही छाप गरी जारी भएको थप लिखत सम्झनु पर्दछ ।

७. **जोखिम समूहबाट भएको क्षति/हानि-नोक्सानीः** "जोखिम समूहबाट भएको क्षति/हानि-नोक्सानी" भन्नाले हुलदङ्गा, हड्ताल, नागरिक उपद्रव, द्वेषपूर्ण कार्य, आतङ्कवाद तथा विध्वंशात्मक कार्य जस्ता क्रियाकलापबाट भएको क्षति/हानि-नोक्सानी सम्झनु पर्दछ ।

८. **स्वजलनबाट भएको क्षति/हानि-नोक्सानीः** "स्वजलनबाट भएको क्षति/हानि-नोक्सानी" भन्नाले अन्यत्रबाट उत्पन्न नभई चाप, ताप, आफ्नो प्रकृति परिवर्तन वा वातावरणीय प्रभावको कारणले वस्तु आफैंबाट स्वतः उत्पन्न भएको आगलागीको कारणले भएको क्षति/हानि-नोक्सानी सम्झनु पर्दछ ।

९. **मूलभूत विवरणः** "मूलभूत विवरण" भन्नाले यस बीमालेख अन्तर्गत बीमा हुने सम्पत्ति (बीमाको विषयवस्तु) मा निहित जोखिम तथा त्यस्तो जोखिमको मात्रा विश्लेषण गरी बीमा गर्दा लागू हुने बीमाशुल्क निर्धारण गर्न र बीमकले बीमा प्रस्ताव स्वीकार गर्ने वा नगर्ने निर्णयमा पुग्नमा सघाउ पुऱ्याउने महत्त्वपूर्ण विवरणहरू सम्झनु पर्दछ ।

१०. **बजार मूल्यः** "बजार मूल्य" भन्नाले यस बीमालेख अन्तर्गत बीमा भएको सम्पत्ति क्षति/हानि-नोक्सानी भएको समयमा सो सम्पत्ति निर्माण गर्न वा नयाँ खरिद गर्न लाग्ने मूल्य वा बजार मूल्यमा प्रतिस्थापन गर्न लाग्ने मूल्यबाट प्रचलित दरमा ह्रासकट्टी गरी कायम हुन आउने खुद मूल्य सम्झनु पर्दछ ।

११. **कुनै प्रकारको नाफा समावेश नगरिएको मूल्यः** कुनै पनि सामग्री तयार गर्दा वा आपूर्ति गर्दा नाफा समावेश नगरिएको मूल्यलाई सम्झनु पर्छ ।

१२. **औसत शर्तः** "औसत शर्त" भन्नाले यस बीमालेख अन्तर्गत बीमा भएको सम्पत्तिको क्षति/हानि-नोक्सानी हुँदाको बजार मूल्य भन्दा सोही सम्पत्तिको बीमाङ्क घटी भएको अवस्थामा बीमकले समानुपातिक रूपमा भुक्तानी गर्ने क्षतिपूर्ति रकम सम्झनु पर्दछ । त्यस्तो क्षतिपूर्ति रकम देहाय बमोजिम गणना गरिनेछ :

$$\text{बीमकले प्रदान गर्ने क्षतिपूर्ति} = \frac{\text{क्षति/हानि-नोक्सानी भएको सम्पत्तिको बीमाङ्क}}{\text{क्षति/हानि-नोक्सानी भएको सम्पत्तिको बजार मूल्य}} \times \text{वास्तविक क्षति}$$

१३. **बीमाङ्कः** "बीमाङ्क" भन्नाले बीमितले प्रस्ताव फाराममा उल्लेख गरेको आधारमा यस बीमालेखको तालिकामा उल्लिखित बीमा गरिएको सम्पत्तिको मूल्य सम्झनु पर्दछ ।

# महत्त्वपूर्ण सूचना

बीमितको बीमा प्रस्ताव फारामलाई बीमकले स्वीकार गरेमा यस बीमालेखमा उल्लेख भएको परिभाषा, अपवाद, शर्त तथा सम्पुष्टिहरूको अधीनमा रही देहाय बमोजिम हुनेछः

१. देहायको कुनै कारणबाट बीमा गरिएको सम्पत्तिमा क्षति/हानि-नोक्सानी भए बापत बीमकले बीमितलाई क्षतिपूर्ति प्रदान गर्नेछः
(क) आगलागी, (ख) चट्याङ्ग,
(ग) भूकम्प र (घ) घरेलु उपकरणको विस्फोटन ।

२. यो बीमा प्रस्ताव फाराममा बीमितको तर्फबाट गरिएको अनुरोधको आधारमा सम्पुष्टिबाट हटाइएको अवस्थामा बाहेक देहायको कुनै कारणबाट बीमा गरिएको सम्पत्तिमा क्षति/हानि-नोक्सानी भए बापत बीमकले बीमितलाई क्षतिपूर्ति प्रदान गर्नेछ :-
(क) बाढी तथा जलमग्न, (ख) पहिरो तथा भूस्खलन
(ग) हुरी वतास तथा आँधी वेहरी (असिना समेत) ।

३. बीमा गरिएको सम्पत्तिमा देहाय बमोजिम क्षति/हानि-नोक्सानी भए बापत बीमकले बीमितलाई क्षतिपूर्ति प्रदान गर्नेछः
(क) कुनै प्रयोजनका लागि बालिएको अग्निले आफ्नो क्षेत्र (सीमा) भन्दा बाहिर फैलिएर पुऱ्याएको क्षति/हानि-नोक्सानी,
(ख) बीमालेखको अपवादमा उल्लेख भएको कारणबाट बाहेक अन्य कारणबाट भएको आगलागीको समयमा सोको प्रत्यक्ष कारणबाट, धुँवाबाट वा अत्यधिक तापको कारणले गुणस्तर बिग्रिएर वा भौतिक संरचना भत्किएर भएको क्षति,
(ग) बीमालेखको अपवादमा उल्लेख भएको कारणबाट बाहेक अन्य कारणबाट भएको आगलागी नियन्त्रण गर्दा, पानी वा अन्य अग्नि नियन्त्रकबाट, आगो फैलिनबाट रोक्न गरिएको प्रयासबाट वा आगो लागेको स्थानबाट बचावटका लागि अन्यत्र सारिएको सम्पत्तिमा मौसमको कारणबाट भएको क्षति,
(घ) बीमालेखको अपवादमा उल्लेख भएको कारणबाट वाहेक अन्य कारणबाट भएको आगलागी नियन्त्रण गर्नका लागि वारुणयन्त्र वा अन्य अग्नि नियन्त्रक यन्त्रलाई आगलागी भएको स्थानसम्म ल्याउँदा वा लैजाँदा उक्त यन्त्रले सोही बीमितको बीमा गरीएको अन्य सम्पत्तिमा पुऱ्याएको क्षति,
(ङ) भूकम्पको कारणबाट आएको बाढी वा नदी तथा ताल वा पानी जम्मा गरेको पोखरीको पानी उर्लिएर, बाँध फुटेर वा भत्किएर पानी उर्लिई भएको क्षति ।

४. प्रकरण १, २ वा ३ मा उल्लेख भएको कारणबाट यस बीमालेखको तालिकामा उल्लिखित सम्पत्ति क्षतिग्रस्त भई भत्काउनु वा हटाउनु पर्ने भएमा सो सम्पत्ति भत्काउन र हटाउन लाग्ने खर्च बीमाङ्कको ५% वा रू. ५००,०००।- (पाँच लाख) वा वास्तविक खर्चमध्ये जुन कम हुन्छ सोही रकम बराबर हुनेछ । तर त्यस्तो रकम बीमाङ्कको सीमा भित्र रही भुक्तानी दिनेछ ।

५. यस बीमा प्रस्ताव फाराममा बीमितको तर्फबाट गरिएको अनुरोधका आधारमा बीमालेखको तालिकामा प्रष्टसँग उल्लेख गरिएको अवस्थामा बाहेक बीमकले देहायका सम्पत्तिमा भएको क्षति/हानि-नोक्सानीको क्षतिपूर्ति दिने छैनः
(क) नासो र धरौटीमा राखिएको मालसामान,
(ख) सुन, चाँदी र जवाहरात,
(ग) रू. ५,०००।- भन्दा बढी मूल्यको कुनै कलात्मक वस्तु,
(घ) पाण्डुलिपि, योजना, नक्सा तथा ढलाई साँचो,
(ङ) ऋणपत्र, जमानत-पत्र, कुनै किसिमका महत्त्वपूर्ण कागज-पत्रहरू, टिकट, मुद्रा, कागजी नोट, चेक, लेखा, अन्य कारोबार सम्बन्धी हिसाब किताब अन्य बहीखाता र कम्प्यूटर पद्धतिका अभिलेखहरू,
(च) विस्फोटक पदार्थ ।

६. उक्त बीमालेख अन्तर्गत रक्षावरण गरेको जोखिमबाट बीमा गरिएको सम्पत्तिको क्षति/हानि-नोक्सानी हुँदाको बजार मूल्य सोही सम्पत्तिको बीमाङ्कभन्दा बढी भएमा बीमकको दायित्व बीमाङ्क र बजार मूल्यको समानुपातिक मूल्य बराबर हुनेछ अर्थात् यसमा औसत शर्त (Average Clause) लागू हुनेछ । बीमा गरिएको सम्पत्ति एकभन्दा बढी रहेछ भने प्रत्येक सम्पत्ति औसत शर्तको अधीनमा रहनेछ ।

$$\text{बीमकले प्रदान गर्ने क्षतिपूर्ति} = \frac{\text{क्षति/हानि-नोक्सानी भएको सम्पत्तिको बीमाङ्क}}{\text{क्षति/हानि-नोक्सानी भएको सम्पत्तिको बजार मूल्य}} \times \text{वास्तविक क्षति}$$

७. उक्त बीमालेख अन्तर्गत बीमा गरिने सम्पत्ति वा सो सम्पत्ति रहेको कुनै भवन वा स्थानको बारेमा बीमित/प्रस्तावकले आफूलाई जानकारी भएको विषयमा मूलभूत विवरण दिंदा झुट्टा विवरण दिएमा वा जोखिम विश्लेषण गर्नको लागि आवश्यक पर्ने वास्तविकता लुकाई झुट्टा व्यहोरा उल्लेख गरेमा वा वास्तविकताको उल्लेख गर्दा कुनै वस्तुगत तथ्य छुट हुन गएमा उक्त बीमालेख अन्तर्गत दावी भुक्तानी गर्न बीमक बाध्य हुने छैन ।

# मूलभूत विवरण

(तलका सबै प्रश्नहरू राम्ररी पढि बुझी सबै उत्तर स्पष्ट लेख्नुपर्छ । उत्तर शब्दमा दिनु पर्नेछ ।
तसर्थ रेखा, विन्दु वा अरू कुनै किसिमको चिन्ह उत्तरको रूपमा स्वीकार गरिने छैन ।)

| | |
|---|---|
| १. | **प्रस्तावकको विवरण**<br>नाम थर: ठेगाना : जिल्ला:<br>गा.वि.स. ⁄ न.पा.: वडा नं.: टोल:<br>घर नं.: पेशा : फोन नं.: संघ ⁄ संस्था भए (संस्थाको छाप)<br>फ्याक्स: इमेल: |
| २. | **बीमा गर्नुपर्ने सम्पत्तिमा स्वामित्व रहेको ब्यक्ति ⁄ संस्थाको विवरण**<br>नाम थर : ठेगाना :<br>पेशा ⁄ कारोवार : फोन: फ्याक्स: इमेल: |
| ३. | **बीमा गर्नुपर्ने सम्पत्ति धितोमा रहने भए धितोमा लिने बैंक ⁄ वित्तीय संस्था ⁄ अन्यको विवरण**<br>नाम : ठेगाना :<br>फोन ⁄ फ्याक्स : |
| ४. | **बीमित संस्था भएमा**<br>संस्था दर्ता नं. : स्थायी लेखा नं. :<br>मू.अ.क.दर्ता नं.: |
| | **बीमा गर्नुपर्ने सम्पत्ति रहेको स्थानको विवरण** |
| | कित्ता नं.: घर नं. :<br>टोल : वडा नं. :<br>गा.वि.स. ⁄ नगर पालिका : जिल्ला : |
| ५. | **बीमा गर्नुपर्ने भवन वा सम्पत्ति रहेको भवनको विवरण**<br>क) बीमा गर्नुपर्ने भवन वा सम्पत्ति रहेको भवनको बनौट<br>अ) बाहिरी गारो (गारो लगाउनको लागि प्रयोग भएको सामग्री (पाको इँटा ⁄ ढुङ्गा ⁄ अन्य) तथा त्यस्तो सामग्री जोड्न प्रयोग भएको वस्तु (सिमेन्ट ⁄ माटो ⁄ अन्य) खुलाउनु होस्) :<br>आ) छानो (छानो बनाउनको लागि प्रयोग भएको सामग्री (कंक्रिट ⁄ जस्ता ⁄ अन्य) तथा त्यस्तो छानो अड्याउन प्रयोग भएको वस्तु (फलाम ⁄ काठ ⁄ अन्य) खुलाउनु होस्) :<br>इ) भूईं (बनाउनको लागि प्रयोग भएको सामग्री खुलाउनु होस्) :<br>ई) घरको तला संख्या (भूईं तल्ला समेत) :<br>उ) भवनको चार किल्ला :<br>पूर्व : उत्तर :<br>पश्चिम : दक्षिण :<br>ख) बीमा गर्नुपर्ने भवन वा सम्पत्ति रहेको भवनको उपयोग<br>बीमा गर्नुपर्ने भवन र बीमा गर्नुपर्ने सम्पत्ति रहने भवन उपयोगको (बीमा गर्नुपर्ने भवन र बीमा गर्नुपर्ने सम्पत्ति रहने भवन के प्रयोजनमा प्रयोग भएको छ (प्रत्येक तल्लाको) सो खुलाउनु होस्) समग्र विवरण खुलाएर प्रस्तुत गर्नुहोस् । |
| ६. | **बीमा गर्नुपर्ने प्रत्येक सम्पत्तिको बीमाङ्कको विवरण**<br>(उत्तर दिनको लागि निर्धारित स्थान नपुग भएमा छुट्टै पानामा विवरण तयार गरी (सहीछाप सहित) संलग्न गर्नुहोस्) |

| **सम्पत्ति** | **बीमाङ्क** |
|---|---|
| भवन (एक भन्दा बढी भवन भएमा प्रत्येक भवनको विवरण संलग्न गर्नु पर्ने) | रू. ………………… |
| सिमाना पर्खाल | रू. ………………… |
| मालसामान<br>(रू.२५०००।- भन्दा बढी मूल्य पर्ने प्रत्येक मालसामानको विवरण संलग्न गर्नुहोस्) | रू. ………………… |
| मेसिनरी (विवरण संलग्न गर्नुहोस्) | रू. ………………… |
| अन्य (विवरण खुलाउने)<br>अ) … … …<br>आ) … … …<br>इ) … … … | <br>रू. …………………<br>रू. …………………<br>रू. ………………… |
| कुल बीमाङ्क | रू. ………………… |

| | |
|---|---|
| ७. | **निम्न बमोजिमका सम्पत्तिहरूको बीमा गर्नुपर्ने भएमा विवरण उल्लेख गर्नुहोस् ।**<br>(क) नासो र धरौटीमा राखिएको मालसामान (ख) सुन, चाँदी र जवाहरात<br>(ग) रू. ५,००० भन्दा बढी मूल्यको कुनै कलात्मक वस्तु (घ) पाण्डुलिपि, योजना, नक्सा र ढलाई साँचो |
| ८. | **निम्न लिखितमध्ये कुनै वा सबै जोखिमको रक्षावरण हटाउन चाहनुहुन्छ भने उल्लेख गर्नुहोस् ।**<br>(त्यस्तो हटाइएको जोखिमको कारणले क्षति/हानि-नोक्सानी भएमा बीमकले क्षतिपूर्ति प्रदान गर्ने छैन तर निम्न जोखिम लिए बापत थप बीमाशुल्क भुक्तानी गर्नुपर्नेछ)<br>(क) बाढी तथा जलमग्न, (ख) पहिरो तथा भूस्खलन<br>(ग) हुरी वतास तथा आँधी वेहरी (असिना समेत)<br>उल्लिखित बुँदा नं.(क), (ख) र (ग) मध्ये सबै वा कुनै रक्षावरण गर्न नचाहेका जोखिमहरू: |
| ९. | **के तपाई जोखिम समूहबाट हुने क्षति/हानि-नोक्सानीको बीमा गर्न चाहनु हुन्छ ? चाहनु हुन्छ वा हुन्न उल्लेख गर्नुहोस् ।**<br>(जोखिम समूहबाट हुने क्षति/हानि-नोक्सानीको बीमा वापत थप बीमाशुल्क लाग्नेछ र उक्त जोखिम समूह थप नगरिएमा हुलदङ्गा, हड्ताल, द्वेषपूर्ण कार्य, आतङ्ककारी तथा बिध्वंसात्मक कार्यको गतिविधिबाट भएको क्षतिको रक्षावरण हुने छैन) |
| १०. | **के तपाई निम्नमध्ये कुनै वा सबै जोखिमबाट हुने क्षति/हानि-नोक्सानीको बीमा गर्न चाहनु हुन्छ ? चाहनु हुन्छ भने उल्लेख गर्नुहोस् ।**<br>(प्रत्येक जोखिम थप गरे बापत थप बीमाशुल्क लाग्नेछ)<br>(क) हवाई उपकरणबाट हुने क्षति, (ख) समाघात /ठक्कर (Impact Damage) बाट हुने क्षति (ग) अन्य |
| ११. | **बीमा गर्नुपर्ने अवधि :-**<br>मिति: देखि सम्म<br>(बीमा अवधि समाप्त हुने भनी उल्लेख भएको मितिमा स्थानीय समय अनुसार रातको बाह्र बजे बीमाको अवधि समाप्त हुनेछ) |
| १२. | के यो प्रस्ताव फारामबाट बीमितको प्रस्ताव गरिएको सम्पत्तिको अन्य बीमालेख अन्तर्गत वा अन्य बीमकसंग बीमा गरिएको छ ? यदि छ भने विवरण दिनुहोस् । |
| १३. | के यो प्रस्ताव फारामबाट बीमा गर्न प्रस्ताव गरिएको सम्पत्तिको बीमाको लागि तपाईले वा तपाईको प्रतिनिधिले गरेको बीमा प्रस्तावलाई कुनै बीमकले अस्वीकार गरेको थियो ? यदि थियो भने विगत तीन वर्षको विवरण दिनुहोस् । |
| १४. | के यो प्रस्ताव फारामबाट बीमा गर्न प्रस्ताव गरिएको सम्पत्तिको कुनै बखत आगलागी वा अन्य जोखिमबाट क्षति/हानि-नोक्सानी भएको थियो ? यदि थियो भने विगत तीन वर्षको विवरण दिनुहोस् । |
| १५. | के यो प्रस्ताव फारामबाट बीमा गर्न प्रस्ताव गरिएको भवन वा सम्पत्ति रहेको भवनको कुनै भागमा जोखिमपूर्ण मालसामान राखिन्छ ? यदि राखिन्छ भने विवरण दिनुहोस् । |
| १६. | प्रस्तावित परिसरमा अग्नि नियन्त्रण सामग्रीको व्यवस्था गरिएको छ/छैन ? यदि छ भने सोको पूर्ण विवरण (नाम तथा संख्या समेत) दिनुहोस् । |
| १७. | के तपाई रात्रीकालीन कार्य समेत गर्नु हुन्छ ? यदि हुन्छ भने सो सञ्चालन हुने समय र संचालन गरिने कार्यको विवरण दिनुहोस् । |
| १८. | यस प्रस्ताव फारामबाट बीमा गर्न प्रस्ताव गरिएको सम्पत्तिको बारेमा माथि उल्लेख गरिएका वाहेक छुट हुन गएका मूलभूत विवरण भए उल्लेख गर्नुहोस् । |

म/हामी ............................यस प्रस्तावद्वारा घोषणा गर्दछु/गर्दछौं कि उल्लेखित विवरण र उत्तरहरू मैले/हामीले राम्ररी बुझेर दिएको हो/हौं र सबै उत्तर सही छन् तथा प्रत्येक विवरण पूर्ण छन् र मैले/हामीले कुनै सूचना जानाजान लुकाएको छैन । माथि उल्लेखित विवरण/उत्तरमा कुनै असत्यता वा कुनै सूचना जानाजान लुकाएको पाइएमा प्रस्तावित बीमा करार पूर्ण रूपमा रद्द हुनेछ भन्ने कुरामा म/हामी सहमत छु/छौं । यो घोषणा र माथि उल्लेखित विवरण/उत्तर मेरो/हाम्रो र **प्रिमियर इन्स्योरेन्स कं. (नेपाल) लि.** बीचको करारको आधार हुनेछ ।

मिति : (प्रस्तावक/प्रस्तावकको तर्फबाट हस्ताक्षर गर्ने व्यक्तिको )

छाप (कम्पनी भएमा) : हस्ताक्षर :

नाम:

यस प्रस्ताव फारामबाट बीमा गर्न प्रस्ताव गरिएको सम्पत्ति बारेमा बीमा अभिकर्ता/सम्बन्धित कर्मचारीको सिफारिस:

हस्ताक्षर :

नाम:

सम्पर्क नं.: